# राहदानी आवेदन प्रकिया

## क) राहदानी नवीकरण (Passport renewal)

### १. आवेदन दिने तरिका

- अनलाईन फारम भर्नुअघि आफ्नो कम्प्युटर, ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" (UTC+05:45) छनौट गर्ने,
- अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने
- Appointment Country मा Other मा गई Appointment Location मा "NE, Ottawa" छनौट गर्ने।
- नागरिकता नं. वा नावालक परिचयपत्र नं. उल्लेख गर्नुपर्दा / वा - जस्ता चिन्ह नराखी लगातार अंक मात्र राख्ने,
- नागरिकता प्रमाणपत्र वा नावालक परिचयपत्रका दुबै पेज,राहदानीको फोटो र छाप भएको एवं निकटतम व्यक्तिको नाम ठेगाना भएको दुबै पेज अनिवार्य Upload गर्ने,
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने।
- **उक्त बारकोडसहितको फारामको PDF copy र हालको राहदानी तथा नागरिकता वा नावालक परिचयपत्रको Scanned कपि attach गरी Verification का लागि राजदूतावासको इमेल nepal.epp@gmail.com मा पठाउने।**

- **कृपया Email को Subject मा आफ्नो नाम -Mississauga वा आफ्नो नाम- Edmonton लेख्नुहोला।**
  **(उदाहरणका लागि Ram Thapa – Mississauga/ Ram Thapa- Edmonton)**

  *(फाराम Verify नगरी निवेदकले भरेको Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य रुपमा दूतावासको इमेल (nepal.epp@gmail.com ) मा पठाउनुपर्नेछ।)*

- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित Biometrics का लागि Appointment Time मा आवेदक स्वयम् शिविरमा उपस्थित हुने।

## २. राहदानीका लागि शिविरमा आउँदा ल्याउनुपर्ने आवश्यक कागजातहरु:

- बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, हालको राहदानीको सक्कल तथा प्रतिलिपि, नाबालकको हकमा नाबालक परियचपत्र तथा बाबु-आमाको नागरिकता, राहदानी र विवाह दर्ताको प्रमाणपत्रको सोको प्रतिलिपि,
- क्यानडामा कुन status मा रहिरहेको हो, सोको व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि।
- Tracking Number सहितको Prepaid Self-Addressed Express Envelope *(राहदानी विभागबाट प्रिन्ट भएर आएपश्चात् आवेदकलाई राहदानी पठाउनका लागि)*

## ३. राहदानी आवेदन शुल्क

- राहदानी नविकरण शुल्क - क्या.ड. २२०
- हराएको वा बिग्रिएको राहदानी प्रतिस्थापन - क्या.ड. ४४०
- तर, १० बर्ष भन्दा मुनिका नाबालकको राहदान नवीकरण शुल्क - क्या.ड. ११०
- नाबालकको हराएको वा बिग्रिएको राहदानी प्रतिस्थापन - २२० लाग्नेछ ।

**राहदानी शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। नगद स्वीकार्य नहुने ।**

**राहदानीका लागि फोटो ल्याउनु नपर्ने।**

## ख) अधिकृत वारेसनामा (Power of Attorney)

## शिविरमा लिइआउनुपर्ने कागजात

- सम्बन्धित आवेदक वा कानून व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत तथा निवेदन
- अधिकृत वारेसनामा दिनेको नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानीको सक्कल र सोको प्रतिलिपि
- अधिकृत वारेसनामा लिनेको नागरिकताको प्रमाणित प्रतिलिपि
- लिने दिने दुबैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो

- क्यानडामा कुन status मा रहेको हो, सो व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेचबिखनको हकमा लालपुर्जाको सक्कल वा सोको प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि

**विदेशी नागरिकता लिइसकेका व्यक्तिहरूको लागि यो सेवा उपलब्ध छैन।**

## अन्य जानकारी

- अधिकृत वारेसनामा शुल्क क्या.ड. २७० लाग्नेछ । शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। नगद स्वीकार्य नहुने ।
- अधिकृत वारेसनामा दिने व्यक्ति स्वयं उपस्थित हुनुपर्ने ।